# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६१) काठमाडौं पुस १८ गते, २०६८ साल (संख्या ३६

## भाग ५

### नेपाल सरकार

### सूचना तथा सञ्चार मन्त्रालयको

### सूचना

नेपाल सरकारले श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ को दफा ११ बमोजिम न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिशमा सबै सञ्चार प्रतिष्ठानहरुमा लागू हुनेगरी सञ्चार प्रतिष्ठानहरुमा कार्यरत श्रमजीवी पत्रकार, कामदार र कर्मचारीहरुको न्यूनतम पारिश्रमिक देहाय अनुसार निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) श्रमजीवी पत्रकार (श्रमजीवी पत्रकार, कामदार र कर्मचारी)

| क.सं. | विवरण | न्यूनतम मासिक पारिश्रमिक रु. |
|---|---|---|
| १ | ऐन पूर्ण कार्यान्वयन हुने राष्ट्रिय मिडियाका श्रमजीवी पत्रकार | १०,००८।- |
| २ | ऐन पूर्ण कार्यान्वयन हुने राष्ट्रिय मिडियाका श्रमजीवी कामदार/कर्मचारी | ७,३६७।- |
| ३ | अन्य सञ्चार प्रतिष्ठानका श्रमजीवी पत्रकार | ७,२२८।- |
| ४ | अन्य सञ्चार प्रतिष्ठानका श्रमजीवी कामदार/कर्मचारी | ६,४०५।- |

(ख) श्रमजीवी पत्रकार (स्टिन्जर)

| क.सं. | विवरण | रेडियो | पत्रपत्रिका | टेलिभिजन |
|---|---|---|---|---|
| १ | ऐन पूर्ण कार्यान्वयन हुने राष्ट्रिय मिडियाका स्टिन्जर(प्रति समाचार) | रु.१२५।- | रु.१५०।- | रु.४००।- |
| २ | अन्य सञ्चार प्रतिष्ठानको स्टिन्जर(प्रति समाचार) | रु.१००।- | रु.१००।- | रु.४००।- |

खण्ड ५९, अतिरिक्ताङ्क १, मिति २०६६।१।१ को नेपाल राजपत्रमा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
श्रीधर गौतम
नेपाल सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

मुलुकमा रहेका वास्तविक सुकुम्वासी पहिचान गरी तिनीहरुको समस्या समाधान गर्न नेपाल सरकारले देहाय बमोजिमको सुकुम्वासी समस्या समाधान आयोग गठन गरी काम, कर्तव्य र अधिकार समेत तोकेको छ ।

१. <u>परिभाषा :</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशको प्रयोजनको लागि,-

(क) "आयोग" भन्नाले दफा २ बमोजिम गठित सुकुम्वासी समस्या समाधान आयोग सम्झनु पर्छ ।

(ख) "परिवार" भन्नाले अंश छुट्टिएको वा नछुट्टिएको भए पनि पति, पत्नी र बाबु, आमा जीवीत छउञ्जेल सोह्र वर्ष उमेर नपुगेका छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले दफा ५ बमोजिम गठित सुकुम्वासी समस्या समाधान जिल्ला समिति सम्झनु पर्छ ।

(ङ) "सुकुम्वासी" भन्नाले आफ्नो वा आफ्नो परिवार वा अंशियारको नाममा जग्गाधनी वा मोहीको हैसियतले नेपालभित्र कुनै घर वा जग्गा नभएको, जीविकोपार्जनका लागि आफ्नो वा आफ्नो परिवारको कुनै व्यापार, व्यवसाय नभई नेपालभित्र कृषि सम्बन्धी वा अन्य क्षेत्रमा मजदुरी गरी गुजारा गरी आएको नेपाली नागरिक वा निजप्रति आश्रित परिवार सम्झनु पर्छ ।

२. <u>आयोगको गठन:</u> (१) आयोगको गठन देहाय बमोजिम हुनेछ :-

(क) नेपाल सरकार, मन्त्रिपरिषद्ले तोकेको व्यक्ति -अध्यक्ष

(ख) मन्त्रालयले तोकेको विभिन्न राजनीतिक दलका कम्तीमा एक महिला सहित बढीमा छ जना -सदस्य

(ग) सचिव, कानून तथा न्याय मन्त्रालय -सदस्य

(घ) सचिव, वन तथा भू-संरक्षण मन्त्रालय -सदस्य

(ङ) सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) मन्त्रालयको सचिव -सदस्य

(छ) मन्त्रालयले तोकेको नेपाल सरकारको राजपत्रांकित द्वितीय श्रेणीको अधिकृत -सदस्य-सचिव

(२) आयोगमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ र बैठकमा अध्यक्षको उपस्थिति अनिवार्य हुनेछ ।

(३) आयोगको बैठकमा आवश्यकतानुसार कुनै सरकारी कर्मचारी, सुकुम्वासी संघको प्रतिनिधि तथा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) आयोगले आफ्नो कार्यविधि आफैं बनाउनेछ ।

३. **आयोगको काम, कर्तव्य र अधिकार:** आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विगतमा गठित आयोग/समितिबाट संकलन भएका सुकुम्बासी सम्बन्धी निवेदन र विवरण सम्बन्धित निकायबाट प्राप्त गर्ने,

(ख) सम्बन्धित जिल्ला समिति मार्फत मुलुकको विभिन्न ठाउँमा रहेका सुकुम्वासी वा निजका परिवारबाट तीस दिने म्याद जारी गराई निवेदन माग गर्ने वा गराउने,

(ग) खण्ड (क) र (ख) बमोजिम प्राप्त निवेदन उपर आवश्यक छानविन गरी सुकुम्वासी व्यक्ति वा निजको परिवारहरुको विवरण अध्याविधक गर्ने वा गराउने,

(घ) खण्ड (ग) बमोजिम तयार भएको विवरणको आधारमा परिवारका सदस्यहरुको नाम समेत उल्लेख गरी सुकुम्वासी परिवारको मुलीलाई अनुसूची-१ बमोजिम सुकुम्वासी परिचय पत्र वितरण गर्ने वा गराउने,

(ङ) सुकुम्वासीलाई बसोबासको व्यवस्था गर्न सकिने देहाय बमोजिमका जग्गाहरुको पहिचान गरी लगत तयार गर्ने वा गराउने:-

(१) नेपाल सरकारको नाउँमा दर्ता भएको वा नभएको सरकारी जग्गा,

(२) राष्टिय निकुञ्ज तथा आरक्षको सीमावर्ती क्षेत्र (Buffer Zone) बाहेकको हैसियत बिग्रेको वन क्षेत्रको जग्गा,



१७६३५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) मोही लागेको बाहेक भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम हदवन्दीबाट प्राप्त भएको वा जफत भएको जग्गा,

(४) सरकारको नाउँमा दर्ता भएको अमानती जग्गा,

(५) कसैले निजी नम्बरी जग्गामा मिसाई भोग गरी आएको सरकारी जग्गा,

(६) सुकुम्वासी परिवारले बसोवास गरी आएको सरकारी जग्गा ।

(च) खण्ड (ङ) मा उल्लेखित जग्गा मध्ये घरवासको कारणले कट्टा गर्न नमिल्ने अवस्थाको बाहेक सुकुम्वासी व्यक्ति वा परिवारलाई नगरपालिका र ग्रामीण क्षेत्रमा आयोगले तोके बमोजिमको अधिकतम हद (क्षेत्रफल) को जग्गा वितरण गर्ने,

(छ) खण्ड (च) बमोजिम जग्गा वितरण गर्दा देहाय बमोजिम गर्नेः-

(१) सरकारी कार्यालय, अस्पताल, शिक्षण संस्था, खेलमैदान र पार्क आदिजस्ता सार्वजनिक हितका विषयहरुको लागि वर्तमान र भविष्यमा आवश्यक पर्ने जग्गा छुट्याउने,

(२) खण्ड (ङ) को उपखण्ड (6) बमोजिमको जग्गा विगत १० वर्षदेखि सोही जग्गामा बसोबास गरी आएको व्यक्ति वा परिवारलाई वितरण गर्ने,

(३) अन्य व्यक्तिको निजी जग्गामा बसेका सुकुम्वासीहरुलाई विशेष प्राथमिकता दिई आयोगले खण्ड (ङ) बमोजिमको जुनसुकै जग्गा वितरण गर्ने,

(४) भरसक गैर कृषि तर कृषि पैदावर हुने क्षेत्र वा औद्योगिक क्षेत्रमा पहुँच हुने र यातायातको दृष्टिकोणले उपयुक्त क्षेत्रको जग्गा वितरण गर्ने,

(५) विवाहीत व्यक्तिको हकमा पति-पत्नि दुवैको संयुक्त नाममा जग्गा दर्ता गर्ने,

(६) सुकुम्वासी जग्गाधनीको मृत्यु पश्चात् नियमानुसार नामसारी गर्ने बाहेक अन्य व्यक्तिमा जग्गा हक हस्तान्तरण र धितो बन्धक राख्न नपाउने व्यहोरा जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पूर्जामा जनाई वितरण गर्ने वा गराउने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) सुकुम्वासीलाई वितरण गरिने सरकारी जग्गाको सम्बन्धमा आवश्यकतानुसार जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम देहायका कार्य गर्ने गराउने:-

(१) जग्गाको सीमाना एकीन गर्ने,

(२) जग्गाको नापनक्सा गर्ने, गराउने,

(३) जग्गाको फिल्डबुक, प्लट रजिष्टर तयार गर्ने, गराउने ।

(४) जग्गाधनी दर्ता श्रेस्ता/प्रमाण पूर्जा तयार गरी प्रमाणित गरी वितरण गर्ने, गराउने,

(झ) विगतमा गठित आयोग/ समितिहरुबाट सुकुम्वासीको हैसियतले जग्गा प्राप्त गर्दा कुनै व्यक्ति वा परिवारले झुट्टा विवरण पेश गरी जग्गा प्राप्त गरेको व्यहोरा कसैको उजूर परी वा अन्य श्रोतबाट जानकारी प्राप्त हुन आई छानविन गर्दा/गराउँदा झुट्टा विवरण पेश गरी जग्गा प्राप्त गरेको प्रमाणित हुन आएमा त्यस्तो जग्गा वितरण वा वितरण गर्ने गरी गरेको निर्णय बदर गर्ने;

(ञ) आयोगबाट जग्गा प्राप्त गर्ने सुकुम्वासीहरुको नाममा नेपालभित्र अन्य जग्गा वा घर जग्गा भएको पत्ता लागेमा निजले प्राप्त गरेको जग्गा बदर गर्ने र त्यस्तो गलत विवरण पेश गरी जग्गा प्राप्त गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाहीको निमित्त सम्बन्धित निकायमा लेखी पठाउने,

(ट) अनुसूची-२ मा उल्लेख भएका जिल्लाहरुमा दफा ५ बमोजिम जिल्ला समिति गठन गर्ने र त्यस्तो समितिलाई जिल्ला समिति गठन नभएको जिल्ला समेतको थप कार्य सुम्पने,

(ठ) आफूलाई तोकिएको काम, कर्तव्य र अधिकारको अधीनमा रही समितिलाई काम, कर्तव्य र अधिकार प्रदान गर्ने,

(ड) आफ्नो काम, कर्तव्य र अधिकारको कार्यान्वयनका सन्दर्भमा सरोकारवाला निकायहरूसँग समन्वय गर्ने,

(ढ) आफ्नो कार्य सम्पादनका क्रममा आवश्यक निर्देशन तथा सूचनाहरू जारी गर्ने,

(ण) आफूले गरेका कामको अभिलेख अध्यावधिक रुपमा दुरुस्त राख्ने, राख्न लगाउने,



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(त) आफ्नो कामसंग सम्बन्धित आवश्यक फारामहरु तयार गरी कार्यान्वयनमा ल्याउने ।

४. आयोगको कार्यालय: आयोगको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

५. समितिको गठन: (१) आयोगको काममा सहयोग पुर्‍याउन आयोगले तोके बमोजिमको काम, कर्तव्य र अधिकार प्रयोग गर्ने गरी अनुसूची-२ मा उल्लेख भए बमोजिमका जिल्लाहरूमा आयोगले देहाय बमोजिमका पदाधिकारीहरु रहेको सुकुम्वासी समस्या समाधान जिल्ला समिति गठन गर्नेछ:-

(क) मन्त्रालयले तोकेको व्यक्ति -अध्यक्ष

(ख) आयोगले तोकेको सम्बन्धित जिल्लाबाट संविधान सभामा प्रतिनिधित्व गरेका विभिन्न राजनैतिक दलका कम्तीमा एक महिला सहित बढीमा तीन जना प्रतिनिधि -सदस्य

(ग) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(घ) सम्बन्धित जिल्लाको स्थानीय विकास अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(ङ) सम्बन्धित जिल्लाको नापी कार्यालयको प्रमुख -सदस्य

(च) सम्बन्धित जिल्लाको जिल्ला वन अधिकृत -सदस्य

(छ) सम्बन्धित नगरपालिका/गाउँ विकास समितिको प्रतिनिधि -सदस्य

(ज) सम्बन्धित जिल्लाको मालपोत कार्यालयको प्रमुख (दुईवटा मालपोत कार्यालय रहेको जिल्लाको हकमा सदरमुकाममा रहेको मालपोत कार्यालयको प्रमुख) -सदस्य-सचिव

(२) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ र बैठकमा अध्यक्ष र सदस्य-सचिवको उपस्थिति अनिवार्य हुनेछ ।

(३) समितिले स्थानीय राजनीतिक दलका प्रतिनिधि, सुकुम्वासी संघको प्रतिनिधि तथा अन्य कुनै विशेषज्ञ वा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको कार्यालय सम्बन्धित जिल्लाको सदरमुकाममा रहनेछ ।



३८६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) समितिले आफ्नो काम कारबाहीलाई व्यवस्थित गर्न आवश्यक कार्यविधि बनाउन सक्नेछ र आयोगबाट स्वीकृति लिई त्यस्तो कार्यविधि कार्यान्वयनमा ल्याउनेछ ।

६. निर्णय कार्यान्वयन, प्रमाणित तथा वरबुझारथ : (१) आयोग वा समितिको निर्णय प्रमाणित तथा कार्यान्वयन गर्ने दायित्व सदस्य-सचिवको हुनेछ ।

(२) सुकुम्वासीलाई वितरण गरिने सुकुम्वासी परिचयपत्र र वितरण गरिएको जग्गाको जग्गाधनी दर्ता श्रेस्ता/जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रमाणित गर्ने कार्य समितिका अध्यक्ष र सदस्य-सचिवको संयुक्त दस्तखतबाट गर्नु पर्नेछ ।

(३) आयोग वा समितिबाट तयार भएका माइन्यूट, नक्सा, फिल्डबुक, जग्गाधनी दर्ता श्रेस्ता तथा अन्य कागजातहरु आयोग वा समितिको कार्य सम्पन्न भएपछि सम्बन्धित मन्त्रालय, मालपोत कार्यालय र नापी कार्यालयमा बुझाउनु पर्नेछ । जिन्सी सामानको हकमा आयोगले मन्त्रालयमा र समितिले सम्बन्धित जिल्लाको मालपोत कार्यालयमा बुझाउनु पर्नेछ । त्यसरी बरबुझारथ गर्ने गराउने कर्तव्य सम्बन्धित आयोग वा समितिको सदस्य-सचिवको हुनेछ ।

७. आर्थिक कार्य प्रणाली: (१) आयोग र समितिलाई आवश्यक पर्ने बजेट अर्थ मन्त्रालयले मन्त्रालय मार्फत उपलब्ध गराउनेछ ।

(२) आयोग र समितिको कार्यसञ्चालनका लागि आयोग वा समितिको नाउँमा छुट्टै खाता खोलिनेछ ।

(३) आयोग र समितिको खाता संचालन आयोगका सदस्य-सचिव वा निजले तोकेको अधिकृत र सम्बन्धित लेखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

८. कार्यावधि: (१) आयोगको कार्यावधि काम शुरु गरेको मितिले छ महिनाको हुनेछ ।

(२) आयोग वा कुनै पदाधिकारीको काम कारवाही सन्तोषजनक नभएमा मन्त्रालयको सिफारिसमा नेपाल सरकारले आयोगको विघटन वा पदाधिकारीहरुको हेरफेर गर्न सक्नेछ ।

(३) म्याद समाप्त हुनु अगावै आयोगको अन्तिम प्रतिवेदन पेश भएमा आयोग स्वतः विघटन हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. **कर्मचारी सम्बन्धी व्यवस्था**: (१) आयोग र समितिलाई आवश्यक पर्ने कर्मचारीहरु आयोगको कार्यावधिसम्मका लागि मन्त्रालय वा अन्तर्गतका कार्यालय वा नेपाल सरकारका अन्य निकायहरुबाट उपलव्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारबाट कर्मचारी उपलब्ध हुन नसकेमा आयोगले कम्प्यूटर सहायक र कार्यालय सहयोगी करारमा नियुक्त गर्न सक्नेछ ।

१०. **निर्देशन दिनसक्ने**: आयोगको काम कारवाहीको विषयमा मन्त्रालयले आयोगलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु आयोगको कर्तव्य हुनेछ ।

११. **प्रगति प्रतिवेदन:-** (१) आयोगले आफ्नो मासिक र त्रैमासिक प्रगति प्रतिवेदन मन्त्रालयमा र अन्तिम प्रगति प्रतिवेदन मन्त्रालय मार्फत नेपाल सरकार समक्ष पेस गर्नेछ ।

(२) समितिले आफ्नो मासिक, त्रैमासिक र अन्तिम प्रगति प्रतिवेदन आयोग समक्ष पेस गर्नेछ ।

१२. **नेपाल सरकारसँग सर्म्पक** : आयोगले नेपाल सरकारसँग सर्म्पक राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१३. **अन्य निकायसँगको सम्बन्ध**: (१) आयोगले नेपाल सरकारका विभिन्न निकायहरुबाट आवश्यक सहयोग माग गर्न सक्नेछ र त्यस्तो सहयोग उपलव्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(२) आयोगले राष्ट्रिय/अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहयोग लिँदा र सहकार्य गर्दा मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

१४. **वाधा अड्काउ फुकाउने अधिकार:** (१) आयोगबाट समितिलाई तोकिएको कार्य गर्दा कुनै विषयमा वा फाइलमा कुनै समस्या पर्न आएमा समितिले आयोगबाट निर्देशन लिई कार्य सम्पादन गर्नु पर्नेछ ।

(२) यस आदेशको विपरीत हुने गरी आयोगबाट जग्गा वितरण भएको छ भन्ने व्यहोराको लिखित जानकारी मन्त्रालयमा प्राप्त हुन आएमा मन्त्रालयले आवश्यक छानविन गरी गराई छानविनबाट देखिएको आधारमा त्यस्तो जग्गा वितरण सम्बन्धी सम्पूर्ण काम कारवाही बदर गर्न सक्नेछ ।

(३) यो आदेश कार्यान्वयनको क्रममा आई पर्ने वाधा अड्काउ फुकाउन मन्त्रालयले आवश्यक आदेश जारी गर्न सक्नेछ।



३५१३५३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -१

नेपाल सरकार

सुकुम्वासी समस्या समाधान आयोग

सुकुम्वासी समस्या समाधान जिल्ला समिति

................

(दफा ३ को खण्ड (घ)संग सम्बन्धित)

| फोटो |
|---|

१. सुकुम्वासीको नाम,थर:-

२. ठेगाना:

जिल्ला:-

न.पा./ गा.वि.स. :-

वडा नं. :-

टोल:-

३ बाबुको नाम:-

४. बाजेको नाम:-

५. जन्म मिति:-

६. जन्म स्थान:-

७. नागरिकता नं. :-

जारीगरेको जिल्ला:-

जारी गरेको मिति:-

८. पारिवारिक विवरण:

| सि.नं | नाम | उमेर | लिङ्ग | मुलीसंगको नाता |
|---|---|---|---|---|
| १ | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |

९. सुकुम्वासीको सहिछाप

हस्ताक्षर :-

| दाँया | ब्राँया |
|---|---|
| | |

प्रमाणित गर्नेको

दस्तखत :

नाम:

पद: सदस्य–सचिव

मिति:

दस्तखत:

नाम:

पद: अध्यक्ष

मिति:

१०. सुकुम्वासीको हैसियतले प्राप्त गरेको जग्गाको विवरण :

| जिल्ला | न.पा./गा.वि.स | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

नेपाल सरकार

सुकुम्वासी समस्या समाधान आयोग

सुकुम्वासी समस्या समाधान जिल्ला समिति

............

२०६८

**सुकुम्वासी परिचयपत्र**

परिचय पत्र नं. :-

*नोट:- यो परिचयपत्र सुरक्षित साथ राख्नु होला ।*

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची- २

(दफा ५ को उपदफा (१) संग सम्बन्धित जिल्लाहरु)

| सि.नं. | जिल्ला | सि.नं. | जिल्ला | सि.नं. | जिल्ला |
|---|---|---|---|---|---|
| १ | झापा | १० | र्सलाही | १८ | रुपन्देही |
| २ | मोरङ | ११ | रौतहट | १९ | कपिलवस्तु |
| ३ | सुनसरी | १२ | बारा | २० | दाङ |
| ४ | सप्तरी | १३ | पर्सा | २१ | बाँके |
| ५ | उदयपुर | १४ | मकवानपुर | २२ | बर्दिया |
| ६ | सिन्धुली | १५ | चितवन | २३ | कैलाली |
| ७ | सिराहा | १६ | नवलपरासी | २४ | कञ्चनपुर |
| ८ | धनुषा | १७ | कास्की | २५ | सुर्खेत |
| ९ | महोत्तरी | | | | |

**आज्ञाले,**

**लालमणि जोशी**

**नेपाल सरकारको सचिव**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।